विनियम लागू भएको: २०४९।३।१८
प्रथम संशोधन: २०५५।८।११

# नेपाल कृषि अनुसन्धान परिषद्
# (कार्य सञ्चालन) विनियम २०४९

नेपाल कृषि अनुसन्धान परिषद् ऐन २०४८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल कृषि अनुसन्धान परिषद्ले नेपाल सरकारको स्वीकृति लिई देहायका विनियमहरु बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ** (१) यस विनियमको नाम नेपाल कृषि अनुसन्धान परिषद् (कार्य सञ्चालन) विनियम (संशोधन सहित) २०४९ रहेको छ ।

(२) यो विनियम तुरुन्त प्रारम्भ हुनेछ ।

(३)[२] यो विनियम नेपाल कृषि अनुसन्धान परिषद् र परिषद् अर्न्तगतका कार्यालयहरुमा समेत लागू हुनेछ ।

(४)[२] संक्षिप्त ने.कृ.अ.प. भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् सम्झनु पर्छ ।

२ **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा:

१[३]

२[३]

(क)[२] "ऐन" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् ऐन २०४८ र त्यसमा समय समयमा भएका संशोधन समेतलाई संझनु पर्छ ।

(ख) "परिषद्" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको र दफा ६ बमोजिम गठन भएको नेपाल कृषि अनुसन्धान परिषद् हो भन्ने सम्झनु पर्छ ।

(ग)[२] "अध्यक्ष" भन्नाले ऐनको दफा ६ बमोजिम गठन भएको परिषद्को अध्यक्ष र दफा ७ बमोजिम गठन भएको कार्यकारी समितिको अध्यक्ष समेत हो भन्ने सम्झनु पर्छ ।

(घ)[२] "समिति"भन्नाले नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी समिति सम्झनु पर्छ ।

(ङ)[२] "कार्यकारी निर्देशक" भन्नाले परिषद्को दैनिक कार्य सञ्चालनको निमित्त नियुक्त भएको व्यक्तिलाई सम्झनु पर्छ ।

(च)[२] "विनियम" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् ऐन २०४८ र सो ऐनको परिधि भित्र रही नेपाल सरकारको स्वीकृति प्राप्त गरी नेपाल कृषि अनुसन्धान परिषद्ले बनाई लागू गरेको विनियमहरु सम्झनु पर्छ ।

(छ)[२] "कार्य सञ्चालन विनियम" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् (कार्य सञ्चालन) विनियम २०४९ र सो विनियममा समय समयमा भएका संशोधनहरु समेत हो भन्ने सम्झनु पर्दछ ।

(ज)[२] "उप-समिति" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् ऐन २०४८ को दफा १० को अधिकार प्रयोग गरी गठन गरिएको उपसमितिहरुलाई सम्झनु पर्छ ।

(झ)[२] "कार्यालय" भन्नाले परिषद् सो अर्न्तगतका कार्यालय समेत सम्झनु पर्दछ र सो शब्दले परिषद् अर्न्तगत सञ्चालित कुनै आयोजनाको लागि स्थापित भएको कार्यालय समेतलाई जनाउँछ ।

(ञ)[२] "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

---

[२] प्रथम संशोधनद्वारा थप

[३] प्रथम संशोधनद्वारा खारेज

# परिच्छेद-२[1]
# कार्यकारी समिति

३ **कार्यकारी समिति:** परिषद्ले तय गरेको नीति निर्देशनको परिधि भित्र रही नेपाल कृषि अनुसन्धान परिषद् कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परिषद्द्वारा तोकिएको प्राथमिकताका आधारमा कृषि अनुसन्धान गर्ने, गराउने,

(ख) परिषद्द्वारा स्वीकृत बार्षिक कार्यक्रमहरुको कार्यन्वयनमा प्रमुख उत्तरदायित्व बहन गरी कार्यान्वय गर्ने, गराउने,

(ग) परिषद्को बार्षिक कार्यक्रम बजेट तयार गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने र स्वीकृत भए अनुसार काम गर्ने, गराउने,

(घ) परिषद्को बार्षिक तथा दीर्घकालिन अनुसन्धान कार्यक्रम, व्यवस्थापन र कार्यान्वयन पक्षमा समसामयिक समिक्षा गरी सुधार गर्ने, गराउने,

(ङ) कृषि अनुसन्धान गर्न आवश्यक परामर्श सेवा आदान प्रदान गर्नुपर्ने भए सो गर्ने,

(च) परिषद्को कार्य सञ्चालनको निमित्त स्वीकृत दरबन्दी अर्न्तगत रही वैज्ञानिक र अधिकृतस्तरका कर्मचारीहरुको नियुक्ति, बढुवा र विभागीय सजायँ सम्बन्धी काम गर्ने,

(छ) परिषद्मा कार्यरत कर्मचारीहरुको मनोबल र क्षमता बृद्धि गर्न आवश्यक तलवमान, भत्ता तथा अन्य सुविधाको व्यवस्था गर्ने,

(ज) देशको आवश्यकता अनुसारको प्रविधि विकास गर्न चाहिने वैज्ञानिक तथा प्राविधिकको व्यवस्था गर्दै जाने,

(झ) परिषद्को बिभिन्न कार्य क्षेत्रमा आवश्यक पर्ने कर्मचारीहरुको दरबन्दी, योग्यता निर्धारण गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,

(ञ) कार्यकारी निर्देशकको अधिकार भन्दा बाहिरको खर्च रकम नियमित गर्ने, मिनाह स्वीकृत गर्ने, खर्च रकम निकासा तथा रकमान्तर स्वीकृति गर्ने,

(ट) निजी क्षेत्र समेतको सहभागिता प्राप्त गरी कृषि अनुसन्धानलाई व्यापक र सर्ब सुलभ बनाउन प्रयत्नशील रहने,

(ठ) जलवायुको पहिचान गरी राष्ट्रिय, क्षेत्रीय र स्थानीय आवश्यकता अनुसार तत् क्षेत्रमा आवश्यक कृषि अनुसन्धानको कार्य गर्दै प्राप्त अनुसन्धान उपलब्धीलाई बढी भन्दा बढी लाभदायी बनाउने तर्फ क्रियाशिल रहने,

(ड) देशको कृषि अनुसन्धान क्षेत्रको पहिचान गरी तदनुरुप राष्ट्रिय कृषि नीति निर्माणका लागि परिषद् मार्फत नेपाल सरकार समक्ष शिफारिस गर्ने,

(ढ) परिषद्को बैठकमा वार्षिक प्रतिवेदन पेश गर्ने,

(ण) आवश्यकतानुसार उपसमिति, कार्यदल गठन र विघटन गर्ने,

(त) ऐनको उद्धेश्य पूर्तिको लागि कर्मचारी प्रशासन एवं आर्थिक प्रशासन सम्बन्धी अन्य आवश्यक सबै कामहरु गर्ने,

(थ) परिषद्ले समय समय तोकि दिएका आवश्यक कार्य गर्ने ।

---

[1] प्रथम संशोधनद्वारा संशोधन

४ **समितिले अनुसन्धान सम्बन्धी काम गर्ने तरिका:** (१) समितिले गर्नु पर्ने अनुसन्धान सम्बन्धी काम देहाय वमोजिम गर्नेछ ।

(क) आफै वा अरु संस्थाको सहयोगमा देहायका विषयमा अनुसन्धान कार्यक्रमहरु संचालन गर्ने:

(१) खाद्यान्न तथा नगदे बाली
(२) वागवानी
(३) पशुपालन र पशु स्वास्थ्य
(४) मत्स्य पालन
(५) चरन तथा घांसेवाली
(६) एग्रो फरेष्ट्री/फार्म फरेष्ट्री
(७) माटो एवं सिंचाई व्यवस्थापन
(८) वनस्पति एवं जैविक पर्यावरण
(९) कीट विज्ञान, बाली रोग विज्ञान एवं बाली संरक्षण
(१०) खेती प्रणालीहरु
(११) कृषि प्रसार
(१२) कृषि अर्थशास्त्र एवं बजार व्यवस्था
(१३) खाद्य विज्ञान
(१४) कृषिसंग सम्बन्धित अन्य विषयहरु

(ख) नेपालको विभिन्न हावापानी अनुकुल हुने उपयुक्त कृषि प्रविधि विकास गर्नको लागि उद्देश्यमूलक अनुसन्धानमा जोड दिने ।

(ग) कृषक, कृषि प्रसार कार्यकर्ता, कृषिजन्य उद्योग एवं अन्य त्यस्तै कृषि सेवा उपयोग गर्नेहरुलाई त्यस्तो सेवा पुऱ्याउने खालको उद्देश्यमूलक अनुसन्धानमा जोड दिने ।

(घ) वातावरणमा प्रतिकुल असर नपारी दिगो रुपमा कृषि उत्पादकत्व बढाउने खालको अनुसन्धान कार्य संचालन गर्ने ।

(२) उप-विनियम (१) बमोजिम समितिले गर्ने कामका लागि परिषद्को अनुसन्धान सम्बन्धी संगठनात्मक स्वरुप अनुसूचि-१ बमोजिम हुनेछ ।

(३) समितिले उप-विनियम (२) बमोजिम परिषद्को अनुसन्धान सम्बन्धी संगठनात्मक स्वरुपमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

४(क)[२] **नेपाल सरकारसँगको समन्वय व्यवस्था:** (१) परिषद्ले आफ्नो काम कारवाहीको सिलसिलामा देहाय बमोजिम समन्वय कायम गर्नु पर्नेछ:

(क) आफ्नो दीर्घकालिन तथा वार्षिक योजना र कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र राष्ट्रिय योजना आयोगबाट स्वीकृत नीतिगत मार्गदर्शनका आधारमा गर्नु पर्नेछ ।

(ख) नेपाल सरकारका बिभिन्न मन्त्रालय, राष्ट्रिय योजना आयोग र वैदेशिक संघ संस्थासँग राष्ट्रिय कृषि नीतिको कार्यान्वयन व्यवस्था सम्बन्धी सम्पर्क गर्दा कृषि मन्त्रालय मार्फत गर्नु पर्नेछ ।

(ग) परिषद्को आवधिक र वार्षिक प्रगति समीक्षा कृषि मन्त्रालयले गर्ने कृषि विकास सम्बन्धी राष्ट्रिय आवधिक र वार्षिक समीक्षासँग एकीकृत रुपमा गर्नु पर्नेछ ।

[२] प्रथम संशोधनद्वारा थप

५[1] **परिषद् र कार्यकारी समितिको बैठक:** (१) परिषद् र कार्यकारी समितिको बैठक सम्बन्धित अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२)[1] उप-विनियम (१) बमोजिम परिषद् र कार्यकारी समितिको बैठकको लागि अध्यक्षले निर्देश गरे बमोजिम सदस्य-सचिवले सबै सदस्यहरुलाई बैठक बस्ने सम्बन्धमा लिखित रुपमा सूचना गर्नेछ ।

(३)[1] उप-नियम (२) बमोजिम दिईने सूचनामा बैठक हुने मिति, समय, स्थान एवं बैठकमा छलफल हुने विषय समेत स्पष्टसँग खुलाउनु पर्नेछ ।

(४)[1] समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५)[1] परिषद् र कार्यकारी समितिको बैठकको अध्यक्षता तत् निकायको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितमा सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । मत वरावर भएमा अध्यक्षले निर्णयक मत दिन सक्नेछ ।

(७) बैठकमा भएका निर्णयहरुको अभिलेख (माईन्यूट) राखिने छ । त्यस्तो अभिलेखमा वैठकमा उपस्थिति सदस्यहरुले हस्ताक्षर गर्नेछन् । बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) परिषद्को कामसँग सम्वन्धित कुनै विशेषज्ञ वा पर्यवेक्षकलाई अध्यक्षले बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ । तर त्यस्तो व्यक्तिलाई मताधिकार हुने छैन ।

६ **सदस्यको विवरण राख्ने:** (१) कार्यकारी निर्देशकले परिषद् तथा[2] समितिका सबै सदस्यहरुको नाम, थर, वतन र पेशा समेत खुल्ने गरी अद्यावधिक विवरण सम्बन्धित सदस्यबाट प्राप्त गरी राख्नु पर्छ ।

(२) उप-विनियम (१) वमोजिमको विवरणमा कुनै कुरा हेरफेर भएमा सम्बन्धित सदस्यले सो व्यहोरा सच्याउनको लागि कार्यकारी निर्देशकलाई तुरुन्त सूचना गर्नु पर्छ । यसरी सूचना प्राप्त भएमा कार्यकारी निर्देशकले पनि विवरण सच्याई अद्यावधिक बनाउनु पर्छ ।

६(क)[2] **सुपरीवेक्षण समितिको व्यवस्था:** (१) राष्ट्रिय कृषि नीति अर्न्तगत नेपाल सरकार र परिषद्द्वारा स्वीकृत र परिषद्को कार्यान्वयन जिम्मेवारी भित्र पर्ने काम र कर्तव्य उचित र प्रभावकारी ढंगले कार्यान्वयन भए नभएको सुपरीवेक्षण गरी परिषद्लाई समय समयमा प्रतिवेदन दिन परिषद्ले कृषि मन्त्रालयको उच्चस्तरीय प्रतिनिधित्वको अध्यक्षता हुने गरी सुपरीवेक्षण समिति गठन गर्न सक्नेछ ।

(२) माथि (१) बमोजिम गठित समितिले आफ्नो काम कारवाहीका सिलसिलामा माग गरेको सूचना, विवरण, जानकारी र आवश्यक सहयोग उपलब्ध गराउने जिम्मेवारी कार्यकारी निर्देशकको हुनेछ ।

(३) समितिको कार्यविधि परिषद्ले निर्धारण गर्नेछ ।

---

[1] प्रथम संशोधनद्वारा संशोधन

[2] प्रथम संशोधनद्वारा थप

## परिच्छेद-३
## कार्यकारी निर्देशक

७ **<u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u>**: (१) परिषद्, समितिको निर्णय र सामान्य निर्देशनको अधिनमा रही परिषद्का देहायका कामहरुका लागि कार्यकारी निर्देशक उत्तरदायी हुनेछ:[1]

(क) अनुसन्धान व्यवस्थापन
(ख) वित्तीय व्यवस्थापन
(ग)[1] बजेट कार्यान्वयन तथा लेखा
(घ) कर्मचारी प्रशासन
(ङ) अनुसन्धान आयोजनाहरुको तथा प्रशासनिक एवं प्राविधिक सहायक सेवाको रेखदेख तथा मूल्याङ्कन
(च)[1] लेखा परीक्षण
(छ) सम्पत्तिको रेखदेख, संभार तथा लगत
(ज)[1] परिषद्को निर्देशन एवं नीति अनुरुप कार्यक्रम संचालनका लागि उपलव्ध श्रोतहरुको परिचालन ।

(२) उप नियम (१) बमोजिम आफ्नो उत्तरदायित्व पुरा गर्नको लागि कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:-

(क)[1] परिषद् र समितिबाट भएको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।
(ख) परिषद्को प्रशासनिक एवं वित्तीय व्यवस्था मिलाउने ।
(ग) समितिबाट निर्धारित अनुसन्धान कार्यक्रम कार्यान्वयन गर्न लक्ष्य, उद्धेश्य र कार्यविधि स्पष्ट रुपमा किटान गरी वार्षिक तथा दीर्घकालीन कृषि अनुसन्धान कार्यक्रम एवं कार्य संचालन योजना तयार गर्ने ।
(घ)[1] परिषद्बाट निर्धारित अनुसन्धानको राष्ट्रिय प्राथमिकताको आधारमा कृषक तथा अरु त्यस्तै कृषि सेवा उपयोग गर्नेहरुको समस्यासंग सम्बन्धित अनुसन्धान कार्यक्रमको आधारमा वार्षिक तथा दीर्घकालीन कार्यक्रममुलक बजेट प्रणाली तर्जुमा गर्ने र समितिको निर्णयानुसार कार्यान्वयन गर्ने ।
(ङ)[1] परिषद्को वार्षिक एवं दीर्घकालीन योजना, कार्यक्रम र बजेट बनाई कार्यकारी समिति र परिषद्मा पेश गर्ने ।
(च)[1] परिषद्का कर्मचारीहरुको काम, कर्त्तव्य तोकिदिने र उनीहरुले गरेको कामको सुपरीवेक्षण एवं मूल्याङ्कन गर्ने ।
(छ)[1] परिषद्का कर्मचारीहरुलाई आवश्यकतानुसार काज खटाउने वा सरुवा गर्ने ।
(ज)[1] परिषद्बाट गरिने सबै कृषि अनुसन्धान कार्य तथा अन्य क्रियाकलापहरुको समन्वय एवं सुपरीवेक्षण गर्ने ।
(झ)[1] परिषद्को गतिविधि बारे मूख्य प्राविधिक प्रवक्ता भई काम गर्ने तथा कृषि सम्बन्धी अनुसन्धानको सिलसिलामा आफु समक्ष पेश गरिएका विषयको सम्बन्धमा जानकारी एवं परामर्श दिने ।
(ञ)[1] परिषद्को बार्षिक प्रगति प्रतिवेदन तयार गर्ने एवं समिति, परिषद् समक्ष पेश गर्ने ।

---
[1] प्रथम संशोधनद्वारा संशोधन

(ट)[1] सरकारी एवं गैरसरकारी स्वदेशी वा विदेशी वा अन्तर्राष्ट्रिय संस्थासंग अनुसन्धान कार्य संचालन गर्न वा कुनै सेवा वा परामर्श सेवा उपलव्ध गर्न गराउन एवं सेवा शुल्क लिनेदिने सम्बन्धमा सम्झौता वार्ता गर्ने र आवश्यक भएमा सम्झौता समेत गर्ने ।

(ठ)[1] देशभित्र रहेका सरकारी तथा गैरसरकारी निकायका लागि अनुसन्धान वा सेवा उपलव्ध गराई सो वापत प्राप्त रकम परिषद्को कोषमा आम्दानी बांध्ने ।

(ड)[1] नेपालमा रहेका राष्ट्रिय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय संघ, संस्था, विश्वविद्यालय वा अन्य निकायसंग औपचारिक सम्पर्क कायम गर्न र कार्यगत सम्बन्ध स्थापित गर्न परिषद्को तर्फबाट समझदारी पत्रमा हस्ताक्षर गर्ने ।

(ढ)[1] परिषद्को उद्देश्य प्राप्तिका लागि आवश्यकतानुसार परामर्श सेवा उपलव्ध गर्ने वा गराउने ।

(ण)[1] नेपाल सरकारको सम्बन्धित कृषि विकास तथा प्रसार सम्बन्धी निकायहरुका साथ कार्यगत सम्बन्ध स्थापित गर्ने तथा वाह्य अनुसन्धान कार्यक्रम संचालनमा समन्वय गर्ने ।

(त)[1] यो विनियम अर्न्तगत रही परिषद् तथा कार्यकारी समितिले कार्यकारी निर्देशकले गर्ने भनी तोकिएको अन्य कार्यहरु गर्ने ।

**७(क)**[2] **<u>कार्यकारी निर्देशकको सेवा शर्त तथा सुविधाहरूः</u>** (१) कार्यकारी निर्देशकको मासिक पारिश्रमिक र सुबिधा परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

**८** **<u>अधिकार प्रत्यायोजनः</u>** (१) कार्यकारी समितिले आफूलाई प्राप्त अधिकार मध्येका अधिकारहरु आवश्यकतानुसार कार्यकारी समितिका अध्यक्ष, सदस्य वा उप-समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।[1]

(२)[2] कार्यकारी निर्देशकले आफुलाई प्राप्त अधिकार आफू मातहतका अधिकृत वा अधिकृतहरुलाई सुम्पन सक्नेछ ।

## परिच्छेद-४[3]

९

१०

११

१२

[1] प्रथम संशोधनद्वारा संशोधन
[2] प्रथम संशोधनद्वारा थप
[3] प्रथम संशोधनद्वारा खारेज

## परिच्छेद-५
## संगठनात्मक ढाँचा

१३[३]

१४[१] **कार्यकारी निर्देशकको कार्यालय:** (१) ऐनद्वारा निर्धारित परिषद्को कार्य सञ्चालन गर्न नेपाल कृषि अनुसन्धान परिषद् अर्न्तगत कार्यकारी निर्देशकको कार्यालय रहनेछ । परिषद् तथा कार्यकारी समितिको नीति निर्देशन कार्यान्वयन गर्ने अभिभारा कार्यकारी निर्देशकको हुनेछ ।

(२) परिषद्को कार्य सञ्चालन गर्न कार्यकारी निर्देशक, निर्देशक, योजना तथा समन्वय, निर्देशक, बाली तथा बागवानी अनुसन्धान, निर्देशक, पशु तथा मत्स्य अनुसन्धान, निर्देशक, प्रशासन र निर्देशक, आर्थिक प्रशासन समेत रहने गरी कार्यकारी निर्देशकको कार्यालय रहनेछ ।

(३) परिषद् मातहतका बिभिन्न आयोजना सम्बन्धी कार्यक्रम तर्जुमा, परिचालन, मूल्याङ्कन एवं रेखदेख तथा अन्य आवश्यक ब्यवस्था गर्ने काम कार्यकारी निर्देशकको कार्यालयले गर्नेछ ।

(४) नेपाल कृषि अनुसन्धान परिषद्को संगठनात्मक ढाँचा अनुसूची-१ मा दिइएकोछ ।

१५[१] **राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठानहरु:** शिक्षा, तालिम तथा अनुसन्धान बीच सामान्जस्य ल्याई राष्ट्रिय स्तरमा कृषिका बिभिन्न पक्षमा दक्षतापूर्ण अनुसन्धान सञ्चालन गरी उपयुक्त कृषि प्रविधि विकास गर्नुका साथै पेशागत दक्षतामा अभिबृद्धि ल्याउने उद्देश्यले आवश्यकतानुसार बिभिन्न राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठानहरुको ब्यवस्था गरिनेछ । गठन गरिने प्रत्येक अनुसन्धान प्रतिष्ठानको प्रमुखको रुपमा एक निर्देशक रहनेछ ।

१६[२] **समन्वयात्मक बाली र बस्तु अनुसन्धान कार्यक्रमहरु:** राष्ट्रिय लक्ष्य अनुरुप कुनै विशेष बाली बस्तु सम्बन्धी उपयुक्त प्रविधि विकास गर्न बिभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय निकायहरुसँग समन्वय कायम गरी अनुसन्धान कार्यक्रमहरु सञ्चालन गर्न आवश्यकतानुसार बिभिन्न समन्वयात्मक बाली बस्तु अनुसन्धान कार्यक्रमहरुको ब्यवस्था गरिनेछ । प्रत्येक अनुसन्धान कार्यक्रमका प्रमुखका रुपमा एक संयोजक रहनेछ ।

१७[२] **क्षेत्रीय कृषि अनुसन्धान केन्द्रहरु:** अधिराज्यका बिभिन्न क्षेत्रका कृषक तथा कृषि उद्यमीहरुको समस्या पहिचान गरी हावापानी सुहाउँदो उपयुक्त कृषि प्रविधि विकास गर्ने उद्देश्यले बिभिन्न क्षेत्रीय कृषि अनुसन्धान केन्द्रहरुको ब्यवस्था गरिनेछ । प्रत्येक क्षेत्रीय केन्द्रको प्रमुखको रुपमा एक क्षेत्रीय अनुसन्धान निर्देशक रहनेछ ।

१८[२] **कृषि अनुसन्धान केन्द्रहरु:** बिभिन्न क्षेत्रीय अनुसन्धान केन्द्रबाट सञ्चालन हुने अनुसन्धान कार्यक्रमहरुमा सहयोग पुर्‍याउन आवश्यकता अनुसार अनुसन्धान केन्द्रहरुको ब्यवस्था गरिनेछ । प्रत्येक केन्द्रमा एक प्रमुख रहने ब्यवस्था हुनेछ ।

१९ **स्थलगत अनुसन्धान केन्द्र:** क्षेत्रीय कृषि अनुसन्धान केन्द्रहरु र कृषि अनुसन्धान केन्द्रहरुको आवश्यकतानुसार अनुसन्धान कार्यक्रमहरु सञ्चालन गर्न स्थलगत अनुसन्धान केन्द्रहरुको ब्यवस्था गरिनेछ ।[२]

---

[३] प्रथम संशोधनद्वारा खारेज

[१] प्रथम संशोधनद्वारा संशोधन

[२] प्रथम संशोधनद्वारा थप

## परिच्छेद-६[२]
## विविध

२० **<u>सचिवालय सुबिधा उपलब्ध गराउने</u>:** समिति, उप-समिति, कार्य समूह एवं कार्यदलको बैठक तथा अन्य काम कारवाहीको लागि आवश्यक पर्ने मशलन्द लगायतका प्रशासनिक तथा सचिवालय सुबिधा कार्यकारी निर्देशकको कार्यालयबाट उपलब्ध गराइनेछ ।

२१ **<u>मुद्दा मामिला सम्बन्धी अधिकार</u>:** नेपाल कृषि अनुसन्धान परिषद् ऐन २०४८ को दफा ४ (४) को प्रयोजनका लागि परिषद् तथा कार्यकारी समितिको तर्फबाट मुद्दा मामिला सम्बन्धी काम कार्यवाही गर्ने अधिकारको प्रयोग कार्यकारी निर्देशकले गर्नेछ ।

२२ **<u>बार्षिक प्रतिवेदन</u>:** (१) कार्यकारी निर्देशकले लेखा परीक्षकको प्रतिवेदन समेत समावेश गरी परिषद्को बार्षिक प्रतिवेदन तयार गर्नेछ । सो प्रतिवेदन कार्यकारी समिति मार्फत परिषद् समक्ष पेश गर्नेछ र सो को एक प्रति नेपाल सरकार समक्ष समेत पेश गर्नु पर्नेछ ।

२३ **<u>परिषद्को सचिवालय</u>:** परिषद्को सचिवालय, खुमलटार, ललितपुरमा हुनेछ ।

२४ **<u>विनियमको ब्याख्या</u>:** नेपाल कृषि अनुसन्धान परिषद्को मौजुदा विनियमहरु परस्पर अस्पष्ट वा बाझिन गएमा त्यसको ब्याख्या गर्ने अधिकार परिषद्लाई हुनेछ र परिषद्को ब्याख्या परिषद् अर्न्तगतका सबै निकायमा लागू हुनेछ ।

---
[२] प्रथम संशोधनद्वारा थप

# अनुसूचि-१[1]
# नेपाल सरकार
## नेपाल कृषि अनुसन्धान परिषद्को संगठनात्मक ढाँचा

(क) नेपाल कृषि अनुसन्धान परिषद्को संगठनात्मक मूल स्वरुप




[1] प्रथम संशोधनद्वारा संशोधन

# अनुसूची–१
## नेपाल कृषि अनुसन्धान परिषद्को संगठनात्मक ढाँचा[1]




[1] प्रथम संशोधनद्वारा परिमार्जित

नोटः परिषद् हाल कायम भएको संगठनात्मक स्वरुपको आधारमा यसलाई बनाइएकोछ र परिषद्ले आवश्यकतानुसार यसमा फेरबदल गर्न सक्नेछ ।